# <u>सुदूरपश्चिम प्रदेश निजामती कर्मचारी सरुवा तथा काज सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१</u>

**सुदूरपश्चिम प्रदेश निजामती कर्मचारी सरुवा तथा काज सम्बन्धी मापदण्ड, २०८० लाई संशोधन गर्न** वाञ्छनीय भएकोले, सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २६ को उपदफा (१०) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो मापदण्ड बनाएको छ ।

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "**सुदूरपश्चिम प्रदेश निजामती कर्मचारी सरुवा तथा काज सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१**" रहेको छ ।

(२) यो मापदण्ड सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

(३) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>प्रदेश निजामती कर्मचारी सरुवा तथा काज सम्बन्धी मापदण्ड, २०८० (यसपछि मूल मापदण्ड भनिएको) को दफा ३ मा संशोधनः</u>

(१) मूल मापदण्डको दफा ३ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

“(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८१।०८२ को हकमा कर्मचारीको सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्तिक १ देखि ७ गतेसम्म र मन्त्रालयले कार्तिक ८ गतेदेखि कार्तिक १४ गतेसम्म गर्नु पर्नेछ ।“